रामगोपालपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

रामगोपालपुर, महोत्तरी

मधेश प्रदेश, नेपाल

प.सं. : २०८०।०८१
च.नं. :

मिति: २०८०।९।४

# घरभाडामा लिने सम्बन्धि सूचना

## दोश्रो पटक प्रकाशित मिति २०८०।९।५ गते

यस रामगोपालपुर नगरपालिकाको कार्यालय प्रयोजनको लागी कम्तिमा २० (बिस) वटासम्म कोठा भएको घर आवश्यक भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९४ (१) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । घर भाडामा दिन ईच्छुक घरधनीहरुले देहाय बमोजिमको विवरण खुलाई यस कार्यालयबाट उपलब्ध गराएको ढाँचामा रु.१० को हुलाक टिकट टाँसगरी मिति २०८०।९।११ गतेसम्म कार्यालय समयमा यस कार्यालयमा आईपुग्ने गरी प्रस्ताव/निवेदन पेश गर्नुहुन अनुरोध गरिन्छ ।

तपसिल :

१) चार पांग्रे गाडी जानसक्ने सडक सुविधा भएको घर हुनुपर्ने ।
२) धारा, बिजुली बत्ती, शौचालय संचित गर्ने ट्याकीं सहित भएको हुनुपर्नेछ ।
३) रामगोपालपुर वडा नं. ५ मा हाल केन्द्र रहेको स्थान देखि १ (एक) कि.मि. भित्र पर्ने मोटरेवल सडक पहुँच भएको कम्तिमा २४०० Sq.Ft. प्लिन्थ एरिया भएको दुई तल्ले भवन पार्किङ्ग सुविधा समेत भएको हुनुपर्नेछ ।
४) घरका कोठाहरुको न्यूनतम साईज १०'X१०' भएको हुनुपर्नेछ ।
५) प्रस्ताव/निवेदन साथ स्वामित्व स्थापित हुने कागजातहरु (नागरिकता प्रमाणपत्रको प्रतिलिपि, जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि, चालु आ.व.को मालपोत तिरेको रसिदको प्रतिलिपि, घरको लोकेशन प्लान र साईट प्लान भएको नक्सा) संलग्न गरी पेश गर्नुपर्नेछ ।
६) वरिपरिको वातावरण सकेसम्म खुल्ला र शान्त हुनुपर्नेछ ।
७) घरधनीले पेश गर्ने निवेदनमा मासिक प्रस्तावित घरभाडाको रकम (कर सहित) उल्लेख गर्नुपर्नेछ र सोमध्ये नियमानुसार लाग्ने घरवहाल कर रकम कट्टा गरी भुक्तानी गरिनेछ ।
८) घरभाडा दिन चाहेको घरको चारैतिर कम्पाउण्डवाल र फलामे गेट हुनुपर्नेछ । साथै चारचक्के गाडी न्यूनतम थान ३ (तीन) र मोटरसाईकल न्यूनतम थान ३० (तीस) पार्किगं गर्न सकिने ठाउँ हुनुपर्नेछ ।
९) कार्यालयले आफ्नो आवश्यकता अनुसार भवनको स्ट्रक्चरलाई असर नपर्नेगरी समान्य फेरबदल गर्न सक्ने भएकोले घरधनी मंजुर हुनुपर्नेछ ।
१०) घरभाडा निर्धारण समिति महोत्तरीको निर्णय बमोजिम घरभाडा निर्धारण हुनेछ ।
११) अन्य कुराहरुको हकमा नेपाल सरकारको प्रचलित कानून बमोजिम हुनेछ ।

**नोट : यस सम्बन्धमा केही कुरा बुझ्नु परेमा कार्यालय समयभित्र यस कार्यालयमा वा फोन नं. ९८४५०९५५०६ मा सम्पर्क गर्न सकिनेछ**

..............................
सत्यनारायण साह
प्रमुख प्रशासकिय अधिकृत